आज मिति २०८२ साल चैत्र १५ गते विहान ११:०० बजे आईतवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ६९ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यू को अनुपस्थितमा गाउँपालिकाका उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष श्री देवीराम वडुवालज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | वरिष्ठ लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री खगेन्द्र कँडेल | पशु विकास अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ५ | श्री अभिषेक विष्ट | कृषि विकास अधिकृत | ठाँटीकाँध गापा दैलेख | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

२०८२/१२/१५

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८२/१२/१५ गतेको ६९ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं.१**

अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समिक्षा सम्बन्धमा ।

**प्रस्ताव नं.२**

स्थानीय सरकारको कार्य सम्पादन मुल्यांकन (Lgpas) प्रारम्भिक नतिजा आबश्यक पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय दैलेखमा पठाउने सम्बन्धमा।

**प्रस्ताव नं ३**

चालु आ ब २०८२।०८३ का गाउँपालिका÷वडा स्तरीय स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि अन्तिम पटक सम्झौता अवधि थप गर्ने सम्बन्धमा।

**प्रस्ताव नं ४**

जलवायू परिवर्तन स्थानीय अनुकूलन -लक_परियोजना अन्तर्गत आ ब २०८३।०८४ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रम छनोट तथा प्राथमिकीकरण गरी पठाउने सम्बन्धमा।

**प्रस्ताव नं ५**

गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि पहुँचमार्ग निर्माण गर्न जगाधनीहरुसँग आबश्यक समन्वय गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं ६**

पुराना ठेक्का योजनाको कार्यप्रगति समिक्षा तथा कार्वाही सम्बन्धमा।

**प्रस्ताव नं ७**

कृषिमेला सञ्चालनका लागत साझेदारी रकम व्यवस्थापन सम्बन्धमा।

**प्रस्ताव नं ८**

आगामी शैक्षिक सत्रका लागि शिक्षा क्षेत्र व्यवस्थापन सम्बन्धमा।

**प्रस्ताव नं ९**

चालु आ ब २०८२।०८३ को दोश्रो चौमासिक अवधिसम्मको आय व्यय विवरण अनुमोदन सम्बन्धमा।

**प्रस्ताव नं १०**

असिना पीडितहरुको सुचना तथा तथ्यांक संकलन गर्ने सम्बन्धमा।

**प्रस्ताव नं ११**

सडक मर्मत सम्बन्धमा।

**प्रस्ताव नं १२**

सार्वजनिक सुनुवाई सम्बन्धमा।

**प्रस्ताव नं १३**

गाउँपालिका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा अग्रसर रहन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै

डाँडाकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... कर्णाली प्रदेश, नेपाल

... उपाध्याय

गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउँन र स्वीकृत योजना तथा कार्यक्रम समयमै सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै शाखा प्रमुखहरु र वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको गत आ ब २०८१।०८२ मा भएका कार्यहरुको एकीकृत कार्य सम्पादन मुल्यांकन (Lgpas) को प्रारम्भिक नतिजा आबश्यक पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय दैलेखमा पठाउने निर्णय गरियो।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आ ब २०८२।०८३ का गाउँपालिका÷वडा स्तरीय स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि पटक पटक सम्झौता गरिसक्ने भनि कार्यपालिका बैठकबाट निर्णय भएतापनि अपेक्षाकृत रुपमा अझै पनि योजना तथा कार्यक्रम कार्यान्वयनका लागि सम्झौता प्रकृया अगाडी नबढेको पाईएकाले संघीय र प्रदेश सरकारबाट यसपछि प्राप्त हुने अनुदानबाट बाहेक चालु आ ब  का स्वीकृत सबै योजना तथा कार्यक्रम मिति २०८२ चैत्र मसान्तभित्र सम्झौता गरिसक्ने गरी एक पटकका लागि सम्झौता अवधि थप गर्ने निर्णय गरियो।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकामा चालु आ. ब. देखि सञ्चालनमा रहेको जलवायू परिवर्तन स्थानीय अनुकूलन -लक_ परियोजना अन्तर्गत आगामी आ ब २०८३।०८४ मा कार्यान्वयन हुने गरी देहायका योजना तथा कार्यक्रम छनोट तथा प्राथमिकीकरण गरी पठाउने जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम सिंहदरबार काठमाण्डौमा पठाउने निर्णय गरियो।

तपसिल

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# जलबायु परिबर्तन, स्थानीय अनुकुलन परियोजना

Local adaptation to climate Change Project

पुजीगत योजना प्रथामिकरण तथा छनौट फारम ( गाउँ कार्यपालिकाको बैठक निर्णय अनुसार तयार गरियको )

स्थानीय तहको नाम: ठाटीकाँध गाउँपालिका आ. बा. : ८३/८४

| क्र. स. | योजनाको नाम | योजनाको प्रकार ( नँया, मर्मत सुधार विस्तार ) | परिणाम क्षेत्र | लाभान्वित घर संख्या | लाभान्वित जनसंख्या | योजना छनौट को आधार ( जल उपयोग गुरुयोजना. LAPA, LDCRP, पालिका परिषद बाट स्वीकृत योजना बैंक, | योजनाको प्राथमिकता न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. जलबायु उत्थान्शील कृषि तथा कृषिबन सम्बन्धि योजनाहरु | | परिणाम क्षेत्र १. | | | | | | |
| १ | सिताके च्याउँ खेति | नयाँ | गाउँपालिका | ३० | १५० | गाउँ परिषदबाट स्विकृत | | |
| २ | ओखर खेति | नयाँ | गाउँपालिका | १००० | ५०५३ | गाउँ परिषदबाट स्विकृत | | |
| ३ | अकवरे खुर्सानि खेति | नयाँ | गाउँपालिका | २००० | ९६७५ | गाउँ परिषदबाट स्विकृत | | |
| ४ | कफि खेति | नयाँ | गाउँपालिका | १२०० | ५७३७ | गाउँ परिषदबाट स्विकृत | | |
| ५ | अलैचि र सुक्मेल खेति | नयाँ | गाउँपालिका | १०५० | ४६७६ | गाउँ परिषदबाट स्विकृत | | |
| ६ | आँप खेती | नयाँ | गाउँपालिका | ८०० | ४२७३ | गाउँ परिषदबाट स्विकृत | | |
| ७ | अमिसो खेती | नयाँ | गाउँपालिका | १२०० | ६३७८ | गाउँ परिषदबाट स्विकृत | | |
| २. जलबायु उत्थान्शील सिचाई योजनाहरु | | प. क्षे. ०१ | | | | | | |
| १ | सायाखेत देखि अल्छि खोला सिचाई योजना निर्माण | नयाँ | वडा नं १ | ५० | १५३ | गाउँ परिषदबाट स्विकृत | | |
| २ | हतर्के घरखेत सिचाई कुलो निर्माण | नयाँ | वडा नं २ | ९० | ४४३ | गाउँ परिषदबाट स्विकृत | | |
| ३ | दानतडा समैज सिचाई कुलो निर्माण योजना | नयाँ | वडा नं ३ | १५० | ७७४ | गाउँ परिषदबाट स्विकृत | | |
| ४ | हलाने खोला माझाचौर डाँडाखाल सिचाई निर्माण | नयाँ | वडा नं ४ | ७५ | ३७१ | गाउँ परिषदबाट स्विकृत | | |
| ५ | जौवया दाल्का लेक्काडा सम्म सिचाई निर्माण | नयाँ | वडा नं ५ | ८० | ३९२ | गाउँ परिषदबाट स्विकृत | | |
| ६ | माथिल्लो लालझारे देखि रोकाया टोल सिचाई कुलो निर्माण | नयाँ | वडा नं ६ | ८२ | ३९९ | गाउँ परिषदबाट स्विकृत | | |
| ३. सुधारियको चुलो/सुधारियको घट्ट सम्बन्धि योजनाहरु | | प.क्षे. ०१ | | | | | | |
| १ | सुधारियको चुलो निर्माण | नयाँ | गाउँपालिका | २००० | ७६७५ | गाउँ परिषदबाट स्विकृत | | |
| २ | घट्ट निर्माण सम्बन्धी निर्माण योजना | नयाँ | गाउँपालिका | १२ | ५७६३ | गाउँ परिषदबाट स्विकृत | | |
| ४. वन समुह तथा प्राकृतिक स्रोत दिगो व्यवस्थापन सम्बन्धि योजनाहरु | | प.क्षे. ०१ | | | | | | |
| १ | बृक्षारोपण निर्माण | नयाँ | गाउँपालिका | १२०० | ४५६३ | गाउँ परिषदबाट स्विकृत | | |
| २ | सुख्खा पोखरी | नयाँ | गाउँपालिका | ८७६ | ३७६७ | गाउँ परिषदबाट स्विकृत | | |
| ३ | सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरु लाई बन संरक्षण सम्बन्धी सचेतना मूलक कार्यक्रम | नयाँ | गाउँपालिका | ६७५ | १२५३ | गाउँ परिषदबाट स्विकृत | | |
| ५. उपभोक्ता समिति र दिगो जलस्रोत व्यवस्थापन अभ्यास सम्बन्धि योजनाहरु | | प.क्षे. ०२ | | | | | | |
| १ | पानिका मुहान संरक्षणका लागि वृक्षारोपण कार्यक्रम | नयाँ | गाउँपालिका | १३२३ | ६४७३ | गाउँ परिषदबाट स्विकृत | | |
| २ | खानेपानी योजनाहरुको गुणस्तर परिक्षण | नयाँ | गाउँपालिका | ९८९ | ३५६२ | गाउँ परिषदबाट स्विकृत | | |
| ३ | खनियाकाँध र कुन्टाघर पोखरी निर्माण | नयाँ | वडा नं ४ | ६७४ | १२३२ | गाउँ परिषदबाट स्विकृत | | |
| | | | | | | | | |
| ६. जलबायु उत्थान्शील खानेपानी सरसफाई र बहउपयोगी योजनाहरु | | | | | | | | |
| १ | जुकेपानी पटाकानि खानेपानी निर्माण योजना | नयाँ | वडा नं १ | १५० | ४७३ | गाउँ परिषदबाट स्विकृत | | |
| २ | तृत्यखेत खानेपानी निर्माण योजना | नयाँ | वडा नं २ | ३० | १४७ | गाउँ परिषदबाट स्विकृत | | |
| ३ | छिपछिपे तिरुवा टोल खानेपानी निर्माण योजना | नयाँ | वडा नं ३ | १५० | ७५३ | गाउँ परिषदबाट स्विकृत | | |

| क्र. स. | योजनाको नाम | योजनाको प्रकार ( नँया, मर्मत सुधार विस्तार ) | परिणाम क्षेत्र | लाभान्वित घर संख्या | लाभान्वित जनसंख्या | योजना छनौट को आधार ( जल उपयोग गुरुयोजना, LAPA, LDCRP, पालिका परिषद बाट स्वीकृत योजना बैंक, | योजनाको प्राथमिकता न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४ | वृहत जडाया खानेपानी निर्माण योजना | नयाँ | वडा नं ४ | ३५० | १५७६ | गाउँ परिषदबाट स्विकृत | | |
| ५ | जैसी टमटा टोल वृहत खानेपानी योजना | नयाँ | वडा नं ५ | १२० | ५९३ | गाउँ परिषदबाट स्विकृत | | |
| ६ | सुघर खालि देखि माथिल्लो टिमिले खानेपानी योजना | नयाँ | वडा नं ६ | ४५ | १४३ | गाउँ परिषदबाट स्विकृत | | |

**नोट:** यस आ.ब. मा सम्पन्न नभएका योजनाहरुलाई क्रमागत योजनाको रुपमा परियोजनाबाट समावेश गरिने छ। साथै बजेट उपलब्धताको आधारमा योजना संख्या तय गरिने भएकाले योजनाहरुको प्राथमिकरण अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि संघीय सरकारबाट श्रोत सुनिश्चितता भएको करीब ५ महिना पुगिसक्दा पनि भवन निर्माणस्थलसम्मको पहुँचमार्ग निर्माण नहुँदा भवन निर्माणका लागि वोलपत्र आह्वान गर्न कठिनाई भैरहेकाले सम्बन्धित जग्गाधनीहरुसँग आबश्यक समन्वय गरी २०८२ चैत्र महिनाभित्रै वोलपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकामा देहायका योजनाहरुको विगत आ ब २०७६।०७७ देखि नै सम्झौता भई हालसम्म पटक पटक म्याद थप गर्दा पनि सम्बन्धित निर्माण व्यावसायीले अटेर गरी निर्माण कार्य सम्पन्न नगरेको र काम पनि सन्तोषजनकरूपमा अगाडि नवढेको साथै केहिमा म्याद थप गर्दा पनि काम नै अघि नबढाएको पाईएकाले निज निर्माण व्यावसायीहरुका नाममा अन्तिम पटक राष्ट्रिय पत्रिकामा सुचना प्रकाशन गर्ने र सो पश्चात् पनि निर्माण कार्य गर्न नआएमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम कार्य सम्पादन जमानत जफत गरी कालो सूचीमा राख्ने प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क्र सं | योजनाको नाम | निर्माण व्यावसायीको नाम | सम्झौता मिति | अन्तिम पटक म्याद थप भएको मिति | हालसम्मको कार्य प्रगतिको अवस्था |
|---|---|---|---|---|---|
| १ | 04/TRM/2076/077 कृष्ण मा वि लकान्द्र भवन निर्माण योजना | विजय कन्स्ट्रक्सन वीरेन्द्रनगर नपा ३ सुर्खेत प्रो उपेन्द्र बोहरा | २०७६।१०।०७ | २०८२।०७।३० | भुईंतला ढलान भई पहिलो तलाको ढलानका लागि काम केही काम भएको। |
| २ | 05/TRM/2076/077 दशरथ मा वि प्याडुली भवन निर्माण योजना | विजय कन्स्ट्रक्सन वीरेन्द्रनगर नपा ३ सुर्खेत प्रो उपेन्द्र बोहरा | २०७६।१०।०७ | २०८२।०७।३० | डिपीसी लेभल उठाई पिलर भर्ने काम भएको। |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण योजना (आइशोलेशन भवन) | साझा कन्स्ट्रकसन मन्थली १ रामेछाप प्रो सुरज कार्की | २०७७।१०।११ | २०८२।०९।१२ | छत ढलान भएको तर वाल लगाउन बाँकी रहेको। |

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा बहुद्धेश्यीय सामुदायिक विकास संस्था-एमसिडीएस , एभरेष्ट क्लव दैलेख र सोसेक नेपालसँगको लागत साझेदारीमा ठाटीकाँध बजारमा सञ्चालन हुने कृषिमेला प्रदर्शनी सञ्चालनार्थ यस गाउँपालिकाको तर्फबाट अन्य संघसंस्था साझेदारी शीर्षकमा विनियोजित रकमबाट रु पचास हजार लागत साझेदारी गर्ने निर्णय गरियो।

ठाटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख कर्णाली प्रदेश, नेपाल

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा आगामी शैक्षिक सत्रका लागि शिक्षा क्षेत्र व्यवस्थापन गर्नका लागि आगमि कार्यपालिकाको वैठकमा पेश हुने गरी तह मिलान विद्यालय समायोजन र दरबन्दी मिलानका साथै स्थानीय पाठ्यक्रम सम्बन्धी मस्यौदा पस्तुतिकरणको आवश्यक व्यवस्था मिलाउन शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं ९

तुलसी प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आ ब २०८२।०८३ को दोश्रो चौमासिक अवधिसम्म अर्थात २०८२ साल फागुन मसान्तसम्मको समष्टीगत आय व्यय विवरण देहाय अनुसार प्रस्तुत गरी आबश्यक छलफल पश्चात् सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र सं | विवरण | वार्षिक विनियोजित रकम रु | दोश्रो चौमासिकसम्म खर्च भएको रकम रु | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु बजेट रु | २७४६६५३०७।२२ | ११२३७०२३०।७२ | ४०.०९ |
| २ | पुंजीगत बजेट रु | १६२०३३७१८।०० | ३७२३८१९८।०० | २२.९८ |
| | कुल जम्मा रु | ४३६६९९०२५।२२ | १४९६०८४२८।७२ | ३४.२५ |

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा मिति २०८२ साल चैत्र १३ गते अपरान्ह ४ बजेतिर परेको असिनापानीले यस गाउँपालिकाको १ र ६ नं लगायतका सवै वडाहरुमा लगाएको हिउँदेवाली गहुँ जौं मसुरो केराउका साथै फलफूल तथा तरकारी वाली पूर्ण रुपमा नष्ट हुँदा किसानहरु अत्यन्त मर्कामा परेकाले असिना पीडित किसानहरुको तथ्यांक संकलन गरी जिल्ला विपद् व्यवस्थापन समिति र कृषि विकास कार्यालय दैलेख लगायत सम्बन्धित सरकारी निकायहरुमा आबश्यक राहतका लागि लेखी पठाउने निर्णय गरियो।साथै तथ्यांक संकलन तथा अनुगमनका लागि गाउँपालिका उपाध्यक्ष, सम्बन्धित वडाका जनप्रतिनिध र कृषि शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा मिति २०८२ साल चैत्र १३ गते अपरान्ह ४ बजेतिर परेको असिनापानीले यस गाउँपालिकाको केही वडाका सडकहरुमा यातायात अवरुद्ध हुन गएकाले उक्त अवरुद्ध सडकहरु खुलाई आवागमनलाई सहज बनाउन सम्बन्धित वडा कार्यालयको सिफारिसमा वडा स्तरीय मर्मत संभार शीर्षकमा विनियोजित रकमबाट कम्तीमा ३ वटा निर्माण व्यावसायीसँग दरभाउपत्र माग गरी घटाघटबाट सडक मर्मत कार्य सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफल गर्दा यस गाउँपालिकाले चालु आ ब २०८२।०८३ को दोश्रो चौमासिक अवधिसम्म भए गरेका कामहरु र प्रवाह गरिएका सेवा सुविधा सम्बन्धमा नागरिकहरूको गुनासो सुनुवाई तथा सुझाव संकलनका लागि मिति २०८२ साल चैत्र मसान्तभित्र सार्वजनिक सुनुवाई सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं १३

स्ताव नं १३ माथि छलफल गर्दा यस गाउँपालिका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यू क्यान्सर रोग लागि हाल नेपालगञ्ज स्थित शुशिल कोईराला प्रखर क्यान्सर अस्पतालमा उपचार गराईरहनु भएको र निजको स्वास्थ्य अवस्था अत्यन्त कमजोर भएकाले श्रीमान गाउँपालिका अध्यक्षज्यूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो।

ठाँटीकाँध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लकान्द, दैलेख कर्णाली प्रदेश, नेपाल

तुलसी प्रसाद ... प्रमुख प्रशासकीय अधिकृत

CamScanner